# सिक्लेस हाइड्रोपावर लिमिटेडको

## २० औं र २१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सिक्लेस हाइड्रोपावर लिमिटेड को मिति २०८२/०८/०८ गते सोमबार दिउसोको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको बिसौं र एक्काइसौं वार्षिक साधारणसभा निम्न मिति, स्थान, र समयमा बोलाउने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**२० औं र २१ औं वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

मिति : २०८२/०८/२९ गते सोमबार (December 15, 2025)
स्थान : आभ्या क्लब, घारीपाटन - १७ पोखरा, कास्की ।
समय : बिहान ११ : ०० बजे

**२० औं र २१ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ र २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने ।
३. आ.व २०८२/०८३ लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८२ अषाढ मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पुँजिको ०.७८९% का दरले हुने रु. ६७,१०,५२६.३२ (अक्षरुपी सठ्साठी लाख दश हजार पाँच सय छब्बीस रुपैया बत्तीस पैसा मात्र) नगद लाभाँश (कर प्रयोजनको लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
५. सञ्चालक समिति चयन गर्ने सम्बन्धमा ।

**(ख) विषेश प्रस्ताव :**

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८२ अषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयर धनीहरुलाई चुक्ता पुँजीको १५ प्रतिशन का दरले हुन आउने रु १२,७५,००,०००/- (अक्षरुपी बाह्र करोड पचहत्तर लाख मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
२. बोनस शेयर जारी भए पश्चात कायम हुने चुक्ता पुँजीको १:१ (एक बराबर एक) अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीको पुँजी बृद्धि गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
४. हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**

मिति २०८२।०८।१८ गते यस कम्पनीको दाखिला खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२।०८।१७ गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्ने छन् ।

**साधारण सभामा सम्बन्धी सामान्य जानकारी**

१) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खूल्ने कूनै प्रमाणपत्र अनिवार्य लिई आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।
२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।
३) शेयरधनी महानुभावह्रुको ठेगानामा हुलाक/कूरियरवाट पठाईने २० औं र २१ औं वार्षिक साधारण सभाको प्रतिवेदन पठाइएको छ ।
४) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, मुस्ताङ्गचोक वडा नं ७ कास्की पोखरामा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मूकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।
५) प्रतिनिधि नियूक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी स्वत: बदर हुनेछ ।
६) नाबालक वा विक्षिप्त शेयरधनी ज्यूहरुका तर्फबाट संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
७) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिनको १०:०० बजे देखि खुल्ला रहनेछ ।
८) वार्षिक साधारणसभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय मुस्ताङ्गचोक वडा नं ७ कास्की पोखरामा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि यस कम्पनीको Website www.sikleshydro.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**